नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

फोन नं.

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।


विषय : ध्यानाकर्षण ।

देशका सवै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड उपलब्ध गराउने नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमवाट प्रतिवद्धता व्यक्त गरिएको व्यहोरा सर्वविदितै छ ।

सो प्रतिवद्धतालाई कार्यरुप दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको समन्वयमा सरोकारवाला मन्त्रालयहरु - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिहरुको विभिन्न चरणमा भएका बैठकवाट सहमती भए अनुरुप यस कार्यक्रमका लागि ससर्त अनुदानको रुपमा वित्तिय हस्तान्तरण मार्फत ७५३ वटै स्थानीय तहहरुमा बजेटको व्यवस्था गर्ने निर्णय भएको छ । ६-१२ कक्षा अध्ययन गर्ने छात्रा संख्याको आधारमा स्थानीय तहलाई बजेट निर्धारण गरी सवै पालिकाहरुमा रकम पठाउने गरी आवश्यक कार्य गर्न शिक्षा तथा मानवस्रोत विकास केन्द्रलाई पत्राचार भैसकेको छ । यो कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि सम्वद्ध मन्त्रालयहरुको प्रतिनिधित्व भएको एक समितिले कार्यविधिलाई अन्तिमरुप दिने कार्य गरिरहेको छ ।

कार्यक्रम कार्यान्वयन ढाँचा निर्माणकै चरणमा रही रहेको वर्तमान अवस्थामा आम जनमानसमा भ्रम सृजना हुने गरी एक साप्ताहिक प्रत्रिकामा तथ्य सत्यलाई बङ्ग्याई कपोलकल्पित समाचार प्रकाशन गरेको प्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । अत: त्यसरी प्रकाशित काल्पनिक, तथ्यहिन र भ्रमपूर्ण समाचार प्रति आपत्ति प्रकट गर्दै यस्ता समाचारको भ्रममा नपर्न सम्वन्धित सरोकारवाला र आम जनमानसमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

२०७६।७।८

(कमल प्रसाद पोखरेल)

सहसचिव